मिति २०७८/१/५ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या १०७/२०७८ को निर्णयहरू:-

१. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/७६/३८६-२०७८/१/५ को "जन आन्दोलन तथा सशस्त्र संघर्षका घाइतेहरुको निशुल्क उपचार सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"छलफल र आवश्यक परिमार्जन सहित समितिबाटै "जन आन्दोलन तथा सशस्त्र संघर्षका घाइतेहरुको निशुल्क उपचार सम्बन्धी कार्यविधि, २०७७" स्वीकृत गर्ने गरी मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाउने।"

२. सुदूरपश्चिम प्रदेश, प्रदेश सभाको चालु सातौं अधिवेशन अन्त्य गर्ने सम्बन्धमा माननीय मुख्यमन्त्रीज्यूबाट बैठकमा प्रस्तुत भएको प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने:-

"नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सभाको चालु सातौं अधिवेशन मिति २०७८/१/७ गते मंगलवार राती १२:०० बजे देखि लागु हुने गरी अन्त्य गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने ।"

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

२०७८/१/५

प्रमुख सचिव